# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७३।०२।१६ गते

## प्रेस विज्ञप्ति

**विषयः आरोप पत्र दायर गरिएको।**

---------------------------------------------------------

श्री बडीमालिका क्याम्पस, कुलदेवमाण्डौ-०८ बाजुराका क्याम्पस प्रमुख नवराज जैसी र लेखापाल लाल बहादुर रावलले एकआपसको मिलेमतोमा बडीमालिका क्याम्पस, कुलदेवमाण्डौ-०८, बाजुरालाई विभिन्न आ.व.हरुमा विविध शिर्षकमा प्राप्त रू.३७,७१,९४१।- (अक्षरुपी सैतिस लाख एकहत्तर हजार नौ सय एकचालिस) बदनियतसाथ तोकिएको शिर्षकमा खर्च नगरी झुठा बिल भरपाई बनाई, छात्रवृत्तिको रकम समेत दुरुपयोग गरी बडीमालिका क्याम्पसलाई हानी नोक्सानी र आफूहरुलाई गैर कानुनी लाभ पुर्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) बमोजिम कसुर गरेको देखिएकोले बिगो रू.३७,७१,९४१।- (अक्षरुपी सैतिस लाख एकहत्तर हजार नौ सय एकचालिस) कायम गरी निजहरू नवराज जैसी र लेखापाल लाल बहादुर रावललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार कैद सजाय, बिगो बमोजिम जरिवाना गरी निजहरूबाट बिगो रू.३७,७१,९४१।- (अक्षरुपी सैतिस लाख एकहत्तर हजार नौ सय एकचालिस) समेत असुल उपर गरी बडीमालिका क्याम्पस, कुलदेवमाण्डौ-०८, बाजुरालाई दिलाई भराई पाउन मागदाबी लिने र लेखा परिक्षकद्वय तिलक बहादुर थापा र चेत बहादुर बमले लेखापरिक्षण सम्बन्धी प्रचलित कानूनको परिधिभित्र नरही बदनियतसाथ क्याम्पसले तयार गरेको झुठा बिल भरपाई र कागजातहरूको आधारमा लेखा परिक्षण गरेको पुष्टी भएकोले निज लेखा परिक्षकहरू तिलक बहादुर थापा र चेत बहादुर बमले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज लेखा परिक्षकहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरको मात्रा अनुसार कैद र जरिवाना हुन मागदाबी लिई विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता